# वृक्षारोपण बारे जानकारी

**१** वृक्षारोपण गर्नु भन्दा पहिले स्थान सुहाउँदो उपयुक्त प्रजापतिको छनौट गर्नु पर्दछ ।



**२** वृक्षारोपण गर्ने स्थलमा रहेका नचाहिदा घाँस तथा झारपात हटाउनु पर्दछ ।



**३** खाडल खन्ने स्थानमा रहेको झार वा घाँसलाई कोदालोले ताछेर फल्नु पर्दछ ।



**४** खाडल खन्दा माथिल्लो सतहको कालो र गहिराई को कम मलिलो माटोलाई खाडलको नजिकमा अलग अलग थुप्रो लगाउनु पर्दछ ।



**५** सामान्यतया डेढ फिट गहिरो साइजको गोलाकार खाडल हुनु पर्दछ र एक खाडल देखि अर्को खाडलको दुरी कम्तिमा ८ फिट हुनुपर्दछ ।



**६** खाडलको पिध भागमा करिब एक फुट उचाई सम्म कालो माटो वा कालो माटो उपलब्ध नभएको स्थानमा मल र माटो मिलाएर राख्नु पर्दछ ।



**७** पिधमा कालो माटो राखिसकेपछि खाडलको वरिपरी उपलब्ध राम्रो माटोले खाडल पुर्नुपर्दछ ।




## डिभिजन वन कार्यालय, रुपन्देही

फोन नं. ०७१-५२०२२२, ९८५७०१५१०९

इमेल dforupandehi@gmail.com


प्रकाश: ०७१-५४२९७७

**८** खाडल भरिसकेपछि खाडलको बिच केन्द्रमा चिन्ह लगाउनुपर्दछ ।



**९** विरुवा रोप्नको लागि चिन्ह लगाएको स्थानमा पालि ब्यागको गोलाई र उचाई भन्दा केहि बडि आकारको प्वाल बनाउनु पर्दछ ।



**१०** विरुवा रोपण गर्नु भन्दा पहिले विरुवा रहेको प्लाष्टिक थैलालाई ब्लेड वा धारिलो चक्कुले थैलाको माटो नखस्ने गरी काटेर अनिवार्य रुपमा हटाउनु पर्दछ ।



**११** प्लाष्टिक थैला नभएको माटो सहितको विरुवालाई तयार पारिएको प्वालमा सिधा ठाडो गरी राख्नु पर्दछ ।



**१२** विरुवा प्वालमा राखिसकेपछि चारैतिर विस्तारै माटो भर्दै विरुवालाई असर नपर्ने गरी खाँद्दै र दबाउदै हावा छिर्न नसक्ने बनाउनु पर्दछ ।



**१३** विरुवा रोपण गरी सकेपछि तत्कालै हजारी वाट पानी राख्नु पर्दछ । माटो गिला भएको अवस्थामा र पानी परिराखेको समयमा वृक्षारोपण गरिएको छ भने थप पानी दिनुपर्दे हुँदैन ।



**१४** विरुवा रोपण गरिएको स्थललाई चरिचरण र आगलागिबाट अनिवार्य रुपमा बचाउनु पर्दछ तथा वरिपरी आउने झार र घाँसपातलाई नियमित रुपमा हटाई र हनु पर्दछ । विरुवामा रोग लागेको शंका लागेमा नजिकको वन कार्यालयमा सम्पर्क राख्नुपर्दछ ।

CamScanner